# मिति २०७७।०३।२७ गते बसेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को चौथो बैठकका निर्णयहरू

१. मिति २०७७/०२/३१ देखि हालसम्म भएको मनसुनजन्य विपद् (बाढी, पहिरो, डुवान, कटान लगायत) का कारण भएको धनजनको क्षतिप्रति नेपाल सरकार गहिरो दुःख तथा शोक सन्तप्त परिवारप्रति हार्दिक समवेदना व्यक्त गर्दछ।

२. हालै मुलुकका विभिन्न भागमा गएको पहिरो र बाढीले गर्दा विपद्मा परेकाहरूलाई खोज, उद्धार तथा राहत वितरणमा परिचालन हुने सबै प्रदेश सरकार स्थानीय तह, सुरक्षाकर्मीहरू, राजनीतिक दलहरू, सामाजिक संघ संस्थाहरू तथा समुदायहरूलाई धन्यवाद दिँदै यस विपद्को समयमा खोज, उद्धार तथा राहत कार्यमा आ-आफ्नो क्षेत्रबाट परिचालित हुन सबै तहका सरकारी संयन्त्रहरू, राजनीतिक दल एवम् यसका भातृ संगठनहरू, निजी क्षेत्र, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैह्र सरकारी संघ संस्था तथा समुदायहरू सबैलाई आव्हान गर्ने निर्णय गरियो।

३. मनसुनको अवधिमा वाढी, पहिरो, डुवान तथा कटानका कारण घाइते भएकाहरुको निःशुल्क उपचारको व्यवस्था गर्ने निर्णय गरियो।

४. सबै तहका विपद् व्यवस्थापन समितिहरू क्रियाशिल बनाई पूर्व तयारी तथा प्रतिकार्य कार्यमा समन्वयात्मक रूपमा खटिन साथै खोज तथा उद्धारमा खटिने सुरक्षाकर्मी परिचालन तथा विस्थापितहरूलाई सुरक्षित स्थानमा व्यवस्थापन गर्दा कोभिड-१९ संक्रमणको जोखिम कम हुने गरी कार्य गर्न सबै तहका विपद् व्यवस्थापन समितिहरूलाई निर्देशन दिने निर्णय गरियो।

५. विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनामा पहिचान गरिएका जोखिमयुक्त स्थानमा रहेका वासिन्दाहरूलाई सुरक्षित गर्नको लागि स्थानीय तहको समन्वयमा तत्काल अस्थायी रूपमा सुरक्षित स्थलमा स्थानान्तरण गर्न जिल्ला विपद् व्यवस्थापन समितिलाई निर्देशन दिने निर्णय गरियो।

६. वाढी, पहिरो, डुवान तथा कटानका कारण अवरोध भएका सडक मार्गहरू, उपलब्ध जनशक्ति र स्रोत साधन परिचालन गरी तत्काल आवागमन सुचारू गर्ने र यस्ता संरचनाहरूको अझ राम्रो र बलियो (Build Back Better) अवधारणा बमोजिम विपद् जोखिम न्यूनीकरण हुने गरी निर्माण गर्न सरोकारवाला निकायहरूलाई निर्देशन दिने निर्णय गरियो।

७. विपद् जोखिम संभावित क्षेत्रहरूमा तत्काल खोज, उद्धार तथा राहत सामाग्रीहरू पुऱ्याउन सक्ने गरी नजिकका सुरक्षित स्थानमा आवश्यक सामाग्रीहरू भण्डारण (Pre-positioning) गर्ने व्यवस्था मिलाउन सबै सरोकारवाला निकायहरूलाई निर्देशन दिने निर्णय गरियो।

८. मनसुनको अवधिमा वाढी, पहिरो, डुवान तथा कटानको कारण पूर्ण रूपमा घर क्षति भइ घरवारबिहिन भएकाहरूका लागि आवास निर्माण गर्न भूकम्प पीडितलाई प्रदान गरिए बराबरको सहायता सोही विधि र प्रक्रियाबाट उपलब्ध गराउन अर्थ मन्त्रालयले आवश्यक बजेटको व्यवस्था गर्ने। शहरी विकास मन्त्रालयले पहिरो ग्रस्त स्थानका वस्तीहरूको अध्ययन गरी आवश्यकतानुसार वस्ती स्थानान्तरण तथा आवास निर्माण गर्नु पर्ने भएमा स्थानीय तहसँगको समन्वय र सहकार्यमा उक्त कार्य गर्ने। उक्त स्थानहरूका जोखिम न्यूनीकरण गरी वसोवासको लागि उपयुक्त हुने देखिएमा आवश्यक संरक्षणको कार्य गर्न उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयलाई निर्देशन दिने निर्णय गरियो।

९. विपद्को मात्रा तथा क्षतिको आधारमा संघ, प्रदेश तथा स्थानीय तहको विपद व्यवस्थापन सम्वन्धी जिम्मेवारीलाई दोहोरो नपर्ने गरी व्यवस्थित गर्न विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐनमा आवश्यक संशोधनको कार्य अगाडी वढाउन गृह मन्त्रालयलाई निर्देशन दिने निर्णय गरियो।

१०. प्रकोप पीडितलाई उपलब्ध गराइने राहतलाई अझ वस्तुगत र औचित्यपूर्ण बनाउन उद्धार तथा राहत सम्बन्धी हाल कार्यान्वयनमा रहेको मापदण्डलाई आवश्यकता बमोजिम संशोधन गर्ने प्रस्ताव नेपाल सरकार (मन्त्रिपरिषद्)मा पेश गर्न गृह मन्त्रालयलाई निर्देशन दिने निर्णय गरियो।